मोहन बहादुर के.सी.
अ.पा. अध्यक्ष

सान्नीत्रिवेणी गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

कार्यपालिका बाट स्वीकृत मितिः- २०८२।०५।२४

प्रस्तावना

यस सान्नीत्रिवेणी गाउँपालिका का कृषकहरूलाई कृषि पेशा तर्फ आकर्षित गरी गाउँपालिकालाई खाद्यान्न तरकारी तथा फलफुलमा आत्मनिर्भर तथा सम्भाव्य बालीहरु निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन तथा कृषि क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत सान्नीत्रिवेणी गाउँपालीका बासीको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, एवंम प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,सान्नीत्रिवेणी गाउँपालीकाकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद १

प्रारम्भिक

१) संक्षिप्त नाम तथा प्रारम्भः-

यस कार्यविधिको नाम " गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८२" रहेको छ।

क) यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२) परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यविधि"** भन्नाले गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

ख) **"गाउँपालिका"** भन्नाले सान्नीत्रिवेणी गाउँपालीकाको कार्यालय मेहलमुडी कालीकोट लाइ सम्झनु पर्छ।

ग) **"कार्यालय"** भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा सान्नीत्रिवेणी गाउँपालीका सम्झनु पर्छ।

घ) **"कार्यक्रम"** भन्नाले गाउँपालिकाका सबै वडाहरूमा संचालन हुने खाद्यान्न तरकारी फलफुल बाली रैथाने बाली प्रवर्द्धन तथा मल अनुदान कार्यक्रम" वा "माग र सम्भाव्यताको आधारमा आवश्यक कृषि सामग्री सहुलियत दरमा वितरण कार्यक्रम सम्झनु पर्छ।

ङ) **"पहिलो पक्ष"** कार्यालय सम्झनु पर्छ।

च) **"दोस्रो पक्ष"** कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म वा अनुदानग्राही सम्झनु पर्छ।

छ) **"किसान"** भन्नाले कृषि तथा पशुपन्छीजन्य उत्पादन गरी जिविकोपार्जन तथा व्यवसाय गर्ने किसानलाई सम्झनु पर्छ।

ज) **"कृषक समूह"** भन्नाले कृषि पेशामा सलग्न भई मिल्दाजुल्दा समस्या, आवाश्यकता र चाहाना भएका न्यूनतम १५ वा बढीमा ३० सदस्य भएको र कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको कृषि तथा पशुपालन समूहलाई सम्झनु पर्दछ।

झ) "अनुदान" भन्नाले चालु आर्थिक वर्ष २०८२/२०८३ को स्वीकृत कार्यक्रम बमोजिम गाउँपालिका कृषि, प्रवर्द्धन लागि छनौट भएका अनुदानग्राहीलाई कार्यक्रम सचालनका लागि प्रदान गरिने रकम वा कृषि सामग्री सम्झनु पर्छ।

ञ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यावसायीक कृषि फार्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, तथा कृषि व्यवसायी सम्झनु पर्छ।

ट) "कृषि सामग्री" भन्नाले खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली तथा तरकारी बाली बिउ, हिंउदे तथा वर्षे फलफुल बिरुवा, प्लास्टिक टनेल, सिचाई पाईप, सिचाई मोटर, पम्पसेट, मेशीनरी औजार, रासायनिक वा जैविक मल, मौरी घार , च्याउ बिउ लगाएत कृषि प्रवर्द्धनमा सहयोग पुर्याउने सामग्री लाई सम्झनु पर्छ।

ठ) "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख भए बमोजिम कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको आवश्यक कागजात सहितको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्छ।

ड) "सेवाग्राही" भन्नाले कृषि प्रवर्द्धन लागि कार्यालयबाट अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुरक्षाका लागि सानो स्तरमा कार्यालयबाट कृषि उत्पादनका लागी आवश्यक बीउ, विषादि, औजार उपकरण लिने कृषकहरूलाई सम्झनु पर्छ।

ढ) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिना सम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख जात जाति र द्वन्द्व पीडित भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ।

ण) "वडा" भन्नाले सान्नीत्रिवेणी गाउँपालीका वडा नं १ देखी ९ सम्मका वडा कार्यालयहरू सम्झनु पर्छ।

त) "रासायनिक मल" भन्नाले युरिया, डी ए पी, र पोटास तथा अन्य कलकारखाना बाट उत्पादन भएका र नेपाल सरकारले प्रयोगका निम्ति स्विकृती दिएका मल सम्झनु पर्दछ।

थ) "जैविक मल" भन्नाले प्रागारिक मल, भर्मि कम्पोस्ट मल, कम्पोस्ट मल, गोठे मल तथा बायो फर्टिलाईजर सम्झनु पर्छ।

द) "वर्षे फलफूल" भन्नाले असार श्रावण महिनामा रोपीने फलफूल विरुवा सम्झनु पर्छ।

ध) "हिंउदे फलफूल" भन्नाले पुस, माघ महिनामा रोपीने फलफूल विरुवा सम्झनु पर्छ।

न) "व्यवसायीक फलफूल खेती" भन्नाले अनुसूची ८ मा भए अनुसारका फलफूलहरुको खेती सम्झनु पर्छ।

प) "व्यवसायीक तरकारी खेती" भन्नाले अनुसूची ८ मा भए अनुसारका तरकारीहरुको खेती सम्झनु पर्छ।

फ) "व्यवसायीक खाद्यान्न खेती" भन्नाले अनुसूची ८ मा भए अनुसारका खाद्यान्न बालीको खेती सम्झनु पर्छ।

ब) "पोषण सुरक्षा" भन्नाले आफ्नो घर परिवारको लागी मात्र उपभोग गर्नका लागी लगाईएको फलफूल बिरुवा, तरकारी बाली वा खाद्यान्न बाली।

भ) "पकेट क्षेत्र" भन्नाले अनुसूची ९ बमोजिममा उल्लेख भए बमोजिमका विभिन्न बाली वस्तुका वडा तथा क्षेत्रहरू सम्झनु पर्दछ।

म) **"यन्त्र र उपकरण"** भन्नाले कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारिकरणमा प्रयोग हुने मेशिनरी औजार सम्झनु पर्दछ।

य) **"कृषि व्यवसाय "** भन्नाले व्यवसायीक उद्देश्यले गरिने कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन सम्झनु पर्दछ।

र) **"सहकारी"** भन्नाले सहकारी ऐन २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनु पर्दछ।

ल) **"फर्म"** भन्नाले कृषि तथा पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता र सूचीकृत भएको व्यवसायलाई सम्झनु पर्दछ।

व) **"तालिम"** भन्नाले कृषि तथा पशुपन्छी विकास सँग सम्बन्धित व्यवसायीहरूको प्राविधिक ज्ञान, सिप र धारणालाई सकारात्मक परिवर्तन गर्न औपचारिक तथा अनौपचारिक रुपमा प्रदान गरिने सैद्धान्तिक एवम् व्यवहारिक प्रशिक्षण कार्यलाई सम्झनु पर्दछ।

स) **"बीमा"** भन्नाले" प्रचलित कानून बमोजिम कृषि तथा पशुपन्छीहरूमा गरिएको लगानी सुरक्षित गर्ने प्रक्रिया सम्झनु पर्दछ।

ष) **"शाखा"** भन्नाले सान्नी त्रिवेणी गाउँपालिका कृषि विकास शाखालाई सम्झनु पर्दछ।

श) **"कृषि"** शब्दले बाली वागवानी व्यबसायीक किट आदीका उप क्षेत्रसगँ सम्बन्धित उत्पादन ,प्रशोधन, उद्योग एवं व्यवसायलाई सम्झनु पर्दछ।

ह) **"स्थानीय सरकार"** भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

क्ष) **"सेवा क्षेत्र"** भन्नाले कार्यालयले प्रा.स./ना.प्रा.स. लाई पालिकाको फिल्ड हेर्ने जिम्मेवारी तोकिएको क्षेत्र लाई सम्झनु पर्दछ।

३) **अनुदान उपलब्ध गराउन सक्ने** (१) सान्नीत्रिवेणी गाउँपालिकाको स्विकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सकिने छ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा समूह सहकारी छनौट भएपनी उक्त समूह वा सहकारीबाट लाभाम्वित हुने कृषक चाँही विगतमा अनुदान प्राप्त नगरेको कृषकलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुदान देहाय बमोजिमको विषयगत क्षेत्रमा उपलब्ध हुनेछ।

(क) जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रम,

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,

(ग) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,

(घ) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रम,

(ङ) कृषि सम्बन्धी अन्य विविध कार्यक्रम।

(४) उपदफा (३) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम अनुसूची (१) बमोजिम हुनेछ। त्यस्ता कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिम हुनेछ।

४) सूचना प्रकाशन गर्नु पर्ने (१) कार्यालयले दफा ३ को उपदफा (३) बमोजिमको विषयगत क्षेत्रमा अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि स्विकृत कार्यक्रम तोकिएका वडाका लागी कम्तिमा ५ देखि १५ दिनभित्र प्रस्ताव पेश गर्न अनुसूची (३) बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने सम्बन्धित वडाका अनुदानग्राहीले अनुसूची (४) बमोजिमको निवेदन र अनुसूची (६)बमोजिमको व्यवसायीक कार्ययोजना पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा निवेदनको साथमा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछ।

क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख) कृषि व्यवसाय गर्ने अनुसूची (६) बमोजिमको प्रस्ताव,

ग) व्यावसायीक कृषि फार्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि,

घ) व्यावसायीक कृषि फार्मको हकमा गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

च) दफा (१७) को उपदफा (१) बमोजिम अनुसूची १४ अनुसार गत आ व मा कुनै पनी अनुदान नलिएको स्वघोषणा पत्र, र अनुसूची १३ अनुसारको लागत साझेदारी वा पहिला भन्दा फरक प्रकृतिको कार्य गर्ने भन्ने प्रतिवद्धता पत्र

छ) आयोजना सम्बन्धी अन्य आवश्यक कागजात,

ज) वडा कार्यालयको सिफारिसपत्र।

झ) समूह तथा सहकारी मार्फत प्रस्ताव पेश गरेको हकमा उक्त समूह वा सहकारीबाट लाभाम्वित हुने कृषक पहिले नै एकिन गरि नाम सूची सहितको सिफारिस गरिएको पत्र।

स्पस्टिकरण :- माथि जुनसुकै कुरा लेखिएको भए तापनी कृषि विकास शाखा बाट संचालन हुने साना प्रकारका कार्यक्रम जस्तै तरकारी, खाद्यान्न नगदेबालीको बिउ वितरण, फलफुल बिरुवा वितरण, जैविक मल वितरण, जैविक तथा रासायनिक विषादी वितरण, स्प्रे ट्याङकि, हजारी तथा अन्य साना औजार वितरण, च्याउ बिउ वितरणका कार्यक्रमहरु तोकिएको अनुदान प्रतिशतमा रहेर सूचना प्रकाशन (वितरण) पछी प्रस्ताव माग नगरिकनै सोझै वितरण गर्न पनि सकिनेछ।

५) प्रस्ताव तथा निवेदनको मूल्याङ्कनः- (१) दफा ४ बमोजिम पेश भएका प्रस्ताव अथवा माग निवेदनको प्राविधिक पक्ष कृषि विकास शाखा वा आर्थिक विकास समिती सहित स्थलगत अनुगमन गरी अनुसुची (७) बमोजिमका मूल्याङ्कन आधारमा मूल्याङ्कन गरि कृषक छनौट प्रक्रियाका लागि सान्नीत्रिवेणी गाउँपालीकाको प्रस्ताव मूल्याङ्कन को पहिलो चरणको काम आर्थिक विकास समिति वा कृषि विकास शाखाले गर्नेछ।

प्रस्तावको मूल्याङ्कन गर्न कृषि विकास शाखा तथा आर्थिक विकास शाखाले अनुगमन गर्दा तथा आर्थिक विकास समितिको बैठक बस्दा आवश्यकता अनुसार बढीमा दुईजना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। प्रस्ताव तथा

माग निवेदनको मूल्याङ्कन गर्दा आर्थिक विकास समितिको बैठकबाट हुनेछ। आर्थिक विकास समितीको सयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

६) लाभग्राही छनौट प्रक्रिया:- आर्थिक विकास समितिको छनौट सिफारिस पश्चात प्रस्ताव तथा लाभग्राहिको अन्तिम छनौट गर्नेछ। छनौट भएका लाभग्राहीहरू संग सम्झौता गर्नुपर्ने कार्यक्रमको हकमा सम्झौताका लागी कम्तिमा ७ (सात) दिनको सूचना प्रकाशन गर्नेछ र यदि तोकिएको अवधि सम्म सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई प्राथमिकतामा राखि सम्झौता गर्न सकिनेछ।

७) निर्देशक समिति:- अनुदान प्रवाहको प्रक्रिया सहजिकरण गर्न सान्नीत्रिवेणी गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत कृषि शाखा प्रमुखले निर्दिष्ट गरेको आवश्यकतानुसार बढीमा तीन जना सम्म विषय विज्ञ,पशुपन्छी शाखा प्रमुख वा सरोकारवाला निकाय र सम्बन्धित शाखाका फिल्ड प्राविधिकहरूलाई सो समितिको बैठक मा आमन्त्रण गर्न सक्नेछ। निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। निर्देशक समितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ। निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८) निर्देशक समितिको काम, कर्तव्य र अधिकार:- निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालन गर्न अनुसूची (१) मा उल्लेख भएका कार्यक्रमको प्राविधिक मापदण्ड, कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधार तयार गरी स्विकृति को लागि कार्यपालिका समक्ष पेश गर्ने।

(ख) अनुदान रकम निर्धारण र भुक्तानीको प्रक्रियामा थप कार्यविधिगत ढाँचा आवश्यक भएमा ढाँचा तयार स्विकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने।

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान तथा विवाद निरूपण गर्ने।

(घ) कृषि अनुदान प्रक्रियामा संलग्न हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्यको क्षेत्र र शर्त निर्धारण गर्ने।

(ङ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक्ता अनुसार निर्देशन, समन्वय र सहजीकरण गर्ने।

९) अनुदान रकमको सीमा र क्षेत्र (१) कार्यालयले अनुदानग्राहीलाई अनुदान दिँदा यस कार्यविधिमा तोकिएको परिधि भित्र रहि दिनु पर्नेछ।

(२) यस कार्यविधिको अनुसूची (१) बमोजिमका कार्यक्रमहरु संचालन गर्दा विनियोजित बजेटको सीमा भित्र रहि कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिमको अनुदान प्रतिशत उपलब्ध गराउनु पर्नेछ।

(३) कृषिजन्य र पशुपन्छी जन्य व्यवसाय प्रवर्द्धनको लागि अनुदान उपलब्ध गराउन सन्दर्भ मूल्यलाई आधार लिइनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट बमोजिम हुनेछ।

(४) सरकारी फार्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको खरिद बिक्री गर्दा सन्दर्भ मूल्य,जिल्ला दररेट, वा संघिय सरकारले निर्धारण गरेको दररेट कुनै एक बमोजिम गर्न सकिनेछ।

(५) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट, कार्यपालिकाले निर्धारण गरेको दररेट, नजिकका जिल्ला दररेट वा स्थानीय दररेट लाई आधार लिनु पर्नेछ।

(६) समूह, सहकारी तथा व्यावसायीक कृषि फार्मसँग कार्यक्रम सञ्चालन गर्दा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

१०) सम्झौता गर्नु पर्ने (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची (१०) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) चालु आर्थिक वर्षको जेठ मसान्त पछि कार्यक्रम सन्चालन तथा अनुदान लिने दिने सम्वन्धमा सम्झौता गरिने छैन ।

११) अनुदानको भुक्तानी (१) अनुदानग्राहीले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको समयावधि भित्र निजी उद्यमी, कृषि समूह वा कृषि सहकारीको कार्य सम्पन्न प्रतिवेदन, वडा कार्यालयको कार्य सम्पन्न तथा भुक्तानी सिफारीस पत्र, संरचना निर्माणको हकमा सम्बन्धित वडाको पूर्वाधार तर्फको प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन,प्रविधिकको भुक्तानी बिल र मेशिनरी औजार खरिदको हकमा कृषि ईन्जिनियर को प्रमाणीत प्रतिवेदन, लगायतका कागजात सहित भुक्तानीको लागि कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेशं भएमा कार्यालयले तोकेको कर्मचारीबाट स्थलगत निरीक्षण गराई प्राप्त कार्य प्रगति सहितको प्राविधिक प्रतिवेदन वा कृषि विकास शाखाका प्राविधिकको भुक्तानी सिफारिसका आधारमा लगानी अनुपातको हिसाबले अनुदानको प्रत्येक किस्ता वा एकमुष्ट रकम भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टीन्जेन्सी रकम र कानुन बमोजिम लाग्ने सम्पूर्ण कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम अनुदानग्राहीलाई भुक्तानी हुने रकम निजको बैंक खातामा वा सम्झौता गरिएको समूह, सहकारी तथा निजी उद्यमीको खातामा जम्मा हुने गरी उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यालयले पन्ध्र दिने सार्वजनिक सूचनाको माध्यमबाट कृषि यान्त्रिकीकरण कार्यक्रमको हकमा अनुदानमा माग भएको उपकरणको प्रकार, गुणस्तर र प्रति ईकाइ मूल्य/ दररेट माग गरिनेछ र कम्तिमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्यका आधारमा सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकमका लागी निर्देशन समिति बाट दररेट निर्धारण गरिनेछ। वा कार्यालयले जिल्ला दररेट अथवा नजिकको जिल्लाको दर रेट लाई आधार मानेर पनी अनुदानमा उपलब्ध गराउने सामग्रीको रकम निर्धारण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकम निर्धारण गरिएको आपूर्तिकर्ताबाट वा सोहि दर रेटमा अन्य आपूर्तिकर्ता बाट पनि अनुदानग्राहीले छनौट प्रस्ताव बमोजिमको सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी पुरा मूल्य भुक्तानी गरी खरिद गरेको कृषि उपकरणको अनुगमन गरी कार्यालयले कृषकको बैक खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

मोहन महापुर गा.पा. अध्यक्ष

(७) उपदफा (६) बाहेकवन्न जिन्सी सामान, कृषि सामग्रीको खरिदको हकमा खरिद सम्बन्धी प्रचिलत कानून (सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) बमोजिम कार्यालयले खरिद गरेर पनि वितरण गर्न सक्नेछ। साथै संरचना निर्माण (प्लास्टिक टनेल, सिचाई पोखरी, सिचाई कुलो,इनार निर्माण, रष्टिक स्टोर, मुहान संरक्षण आदि) को हकमा प्राविधिकको लागत स्टिमेटको आधारमा लाभग्राही संग सम्झौता गरि सम्झौता बमोजिमको कार्यक्रम संचालन गर्न सकिनेछ।

स्पष्टीकरणः- यस उपदफाको प्रयोजनको लागि (कृषि सामग्री) भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, पोषक तथा सूक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनु पर्छ।

१२) बीमा गर्न सक्ने दफा ३ को उपदफा (३) को खण्ड (क) र (ख) क्षेत्र अन्तर्गत व्यावसायीक रूपमा सञ्चालन हुने बाली, पशुधन, मत्स्य पालन फर्म, भौतिक पूर्वाधारको र खण्ड (ग) र (घ) अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्न सक्नेछ।

१३) सार्वजनिक परीक्षणः समूह तथा सहकारीका अनुदानग्राहीले पक्कि संरचना निर्माणको हकमा कार्यक्रम सम्पन्न भएपछि अनुदान रकम भुक्तानीका लागि कार्यालयमा निवेदन पेश गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

१४) अनुदान अन्यत्र प्रयोग गर्न नपाइने (१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम अन्यत्र प्रयोग वा दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेश गरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(४) झुट्टा विवरण पेश गरी अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई गाउँपालिका वा वडा तहबाट भविष्यमा कुनै पनि अनुदान उपलब्ध गराइने छैन। त्यस्तो अनुदानग्राहीको नाम नामेसी सार्वजनिक गरिनेछ।

(५) अनुदान पाउने निजि उद्यमी समूह तथा सहकारीले संरचना निर्माण तथा ठुला मेशिनरी औजार अनुदानमा लिएको कम्तिमा ५ वर्ष सम्म फर्म समूह वा सहकारी खारेज गर्न पाईने छैन।

१५) अनुगमन तथा मूल्याङ्कन (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले कृषि शाखा प्रमुख लाई सम्पर्क व्यक्तिको जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु निजको दायित्व हुनेछ।

(२) गाउँपालिका उपाध्यक्षको सयोजकत्वमा रहेको योजना अनुगमन समिति,आर्थिक विकास समिति, वडा समिति तथा आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिले छुट्टाछुट्टै वा सयुक्त अनुगमन गर्न सक्नेछन

(३) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यक्तानुसार कृषि विकास शाखा सगै आर्थिक प्रशासन शाखा, आर्थिक विकास समिती वा कार्यालयको योजना अनुगमन समिति बाट हुन सक्नेछ।

१६) गुनासो व्यवस्थापन (१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने कृषि विकास शाखा समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा कृषि विकास शाखा प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले कार्यालयको प्रमुख प्रशासकिय अधिकृत समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३ बमोजिम परेको निवेदन उपर प्रमुख प्रशासकिय अधिकृतले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउने छ।

१७) दोहोरो सुविधा लिन नपाउने (१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा अन्य कुनै एकभन्दा बढी निकायबाट र एक आर्थिक वर्षमा एकभन्दा बढी कार्यक्रमको लागि सान्नीत्रिवेणी कार्यालयबाट ठुला (सरचना निर्माण तथा ठुला मेशिनरी औजार) अनुदान प्राप्त गर्न सक्ने छैन।

१८) सम्झौता बमोजिम हुने (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप, निर्माण गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा उल्लिखित शर्त बमोजिमको प्रयोजनका लागि मात्र गरिने छ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्विकृति बिना सम्झौतामा उल्लेखित अवधि भित्र कुनै प्रकारको फेरबदल वा सरचनाको स्वरूप परिवर्तन वा बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रम सम्झौतामा तोकेको अवधि सम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने छ।

(३) कुनै विशेष कारण वस वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

CamScanner

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुने छ।

१९) बाधा अड्काउ फुकाउन सक्ने यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा आरभूत विषय बाहेकको सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची -१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

अनुदान प्रदान गरिने कार्यक्रमहरू

१.	च्याउ खेती प्रवर्द्धन कार्यक्रम
२.	PBS आलु बीउ वितरण कार्यक्रम
३.	व्यवसायीक तरकारी खेती प्रवर्द्धन कार्यक्रम
४.	कृषि मेला प्रर्दशनी कार्यक्रम
५.	कृषि विविधिकरणका लागि कृषि औजार तथा उपकरण वितरण कार्यक्रम
६.	बाली सरक्षण कार्यक्रम
७.	कालो धान खेती प्रवर्द्धन कार्यक्रम
८.	फलफूलका कागती सुन्तला ओखर स्याउ आदि विरूवा वितरण कार्यक्रम
९.	राष्ट्रिय धान दिवस कार्यक्रम
१०.	अनुगमन तथा मूल्याङ्कन
११.	कृषि फर्म तथा समूहका सदस्यहरूको क्षमता विकास कार्यक्रम
१२.	समूह दर्ता र नविकरण सम्बन्धि

मोहन बहादुर के.सी.
अ.पा.अधिकृत

अनुसूची-२

(दफा ३ को उपदफा (४) र दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

कार्यक्रम र खर्चको मापदण्ड

१	**कार्यक्रमको नाम:-** च्याउ खेती प्रवर्द्धन कार्यक्रम
	क) कार्यक्रम संचालन हुने वडा :- १ देखी ९ सबै आवश्यक्ता अनुसार
	ख) उद्देश्य:- वडा न १ देखी ९ का अति विपन्न दलित किसानको सहभागीतामा स्थानीय सम्भाव्यता र आवश्यक्ताको आधारमा कृषि सम्बन्धी आयआर्जन कार्यक्रम सञ्चालन गरी कृषकको जीवनस्तर सुधार गर्ने।
	ग) प्रमुख क्रियाकलाप: १. माग तथा आवश्यक्ता बमोजिम बीउ र सामग्रीहरु वितरण। २. आवश्यकता अनुसार प्रविधिमा आधारित तालिम तथा जनचेतना कार्यक्रम।
	घ) संचालन प्रक्रिया :- कार्यक्रम सन्चालनका लागि सूचना प्रकाशन गरिने छ र वडाले तोकिएको मापदण्डमा रहेर कम्तिमा २० जना विपन्न दलित कृषक वा कृषक समूह सिफारिस गरि पठाउने छ र सोही कृषकहरु सग कृषि विकास शाखाले छलफल गरि कृषकको मागको आधारमा कार्यक्रम संचालन गर्नेछ।
	ङ) अनुदान रकम प्रतिशत र अधिक्तम सीमा: १. कृषकलाई बीउ तथा अन्य सामग्री ८० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ। २. उक्त कार्यक्रम सचालनका लागि रकम तथा सामग्री साझेदारीका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन।
	च) न्यनतम मापदण्ड: १. कार्यक्रममा कम्तिमा बिस घरधुरीलाई समेट्नुपर्ने, २. कम्तिमा एक आर्थिक वर्ष कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम सञ्चालनमा उत्कृष्ट देखिएमा अर्को आगामी आ.व मा फलोअपको रूपमा कम्तिमा पचास प्रतिशत बजेट विनियोजन गर्नुपर्नेछ। ३. कार्यक्रम कृषि फर्म वा कृषक समूह तथा कृषि सहकारी मार्फत सचालन गरिनेछ। वा कुनै समूह सहकारीमा नबसेका र वडा कार्यालयले सिफारिस गरेका कृषक घरधुरी पनि कार्यक्रममा समावेश हुन सक्नेछन। ४. सम्भव भए सम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता र जनशक्तिको प्रयोग गर्नुपर्ने छ।
२	**कार्यक्रमको नाम:- PBS आलु बीउ वितरण कार्यक्रम**
	क) कार्यक्रम संचालन हुने वडा :- सबै वडाहरू
	ख) कार्यक्रमको उदेश्य:- आलुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकलाई आलु बीउमा आत्मनिर्भर गराउनु।

मोहन बहादुर के.सी.
अ.पा.अधिकृत

ग) **प्रमुख क्रियाकलाप:-**

१. आलु खेती प्रविधि सम्बन्धि तालिम सचालन

२. आलु खेतीका लागी आलुको बीउ वितरण

३. आलु खेतीका लागी औजार उपकरण(ड्याड /रिज मेकर ,फलामे हलो ,कुटो, कोदालो)

४. बाली सरक्षण सेवा (विषादि , स्प्रेयर ट्याङ्की)

घ) **संचालन प्रक्रिया :-** कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको छनौट कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गका समूहहरु) छनौट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेश गरिने छ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात लाभग्राहिले कम्तिमा २०% (बिस प्रतिशत) लागत सहभागिता हुने गरी कृषि विकास शाखा तथा कार्यालय सग सम्झौता गर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न पछी प्राविधिक अनुगमन मूल्याङकन तथा योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कन र सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस पत्रको आधारमा मात्र लाभग्राही लाई बैक खाता मार्फत रकम भुक्तानी गरिनेछ।

ङ) **अनुदान रकम र अधिक्तम सीमा:-**

१. कृषकलाई तालिम शत प्रतिशत अनुदानमा उपलब्ध गराउने।

२. अन्य सरचना निर्माण तथा खरिद सामग्री खर्चमा ८०%(असी प्रतिशत)अनुदान उपलब्ध गराउने।

३. उक्त कार्यक्रम सचालनका लागि रकम तथा सामग्री साझेदारीका लागि वडा कार्यालय र अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन।

४. छनौट भएका समूह वा सहकारीले तोकिएका क्रियाकलापहरु सचालन हुने गरी सान्नीत्रिवेणी गाउँपालिका सग सम्झौता गरी सोही अनरुप कार्यक्रम संचालन गर्नु पर्नेछ।

५. सम्झौता अनरुपको काम सम्पन्न पश्चात समूहले बेहोर्ने २० प्रतिशत रकम र अनुदान बापतको ८०% रकम एकमुष्ट उक्त सामान उपलब्ध गराउने फर्म तथा एग्रोभेटहरूको बैक खाता मार्फत भुक्तानी गरिनेछ।

च) **न्युनतम मापदण्ड:-**

१. हाल सम्म आलु विकास सम्बन्धि अनुदान प्राप्त नगरेका विपन्न कृषक तथा कृषक समूह तथा सहकारी लाई पहिलो प्राथामिकतामा राख्नु पर्नेछ।

२. PBS आलु बीउ वितरण कार्यक्रम समूहमा सञ्चालन हुनेछ।

३. सरचना निर्माण तथा खरिद सामग्रीहरूमा कृषकको लागत साझेदारी २०% अनिवार्य हुनेछ।

४. सूचना प्रकाशन पछि कृषक समूह,सहकारी छनौटका लागि आर्थिक विकास समिति तथा निर्देशक समितिको निर्णय सगै वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ।

	५. विगत वर्ष देखी व्यवसायीक रूपमा आलु खेती गरिरहेका कृषकहरूलाई कार्यक्रममा समावेश गराईनेछ।
३	**कार्यक्रमको नाम :- व्यवसायीक तरकारी खेती प्रवर्द्धन कार्यक्रम**
	क) कार्यक्रम सञ्चालन हुने वडाहरु:- सबै वडाहरू
	ख) कार्यक्रमको उद्देश्य:- गाउँपालिकामा तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी तरकारीको आयात न्युनिकरण गरी निर्यात प्रवर्द्धन गर्ने।
	ग) प्रमुख क्रियाकलाप:- १) तरकारी खेती प्रविधि सम्बन्धि तालिम संचालन २) तरकारी खेतीका लागि तरकारी बीउ वितरण ३) तरकारी खेतीका लागी औजार उपकरण (मिनिटिलर,फलामे हलो ,कुटो, कोदालो) ४) साना सिंचाई कार्यक्रम (माटो वा सिमेन्ट पोखरी, पोलिथिन पाईप,मोटर,पम्पसेट तथा डेलिभरी पाईप) ५) मौसमि तथा बेमौसमी तरकारी खेती प्रवर्द्धनका लागि कच्चि तथा पक्कि प्लास्टिक टनेल र गुमोज निर्माण। ६) बाली संरक्षण सेवा (विषादि , स्प्रेयर ट्याङ्की)
	घ) **संचालन प्रक्रिया :-** सम्बन्धित तोकिएका वडाका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरूको छनौट वडा समिती संगै कृषि विकास शाखा तथा आर्थिक विकास समिती मार्फत छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गका समूहहरू)छनौट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेश गरिनेछ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात लाभग्राहिले कम्तिमा २०% (बिस प्रतिशत) लागत सहभागिता हुने गरी कृषि विकास शाखा तथा कार्यालय संग सम्झौता गर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न पछी प्राविधिक अनुगमन मूल्याङकन तथा योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कन र सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस पत्रको आधारमा मात्र लाभग्राही लाई बैक खाता मार्फत रकम भुक्तानी गरिनेछ।
	ङ) **अनुदान रकम र अधिक्तम सिमा:-** १ कृषकलाई तालिम शत प्रतिशत अनुदानमा उपलब्ध गराउने। २ अन्य संरचना निर्माण तथा खरिद सामग्री खर्चमा ८०% अनुदान उपलब्ध गराउने। ३ उक्त कार्यक्रम संचालनका लागि रकम तथा सामग्री साझेदारीका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन। ४ छनौट भएका समूह वा सहकारीले तोकिएका क्रियाकलापहरू संचालन हुने गरि सान्नीत्रिवेणी गाउँपालिका संग सम्झौता गरि सोही अनरुप कार्यक्रम संचालन गर्नु पर्नेछ। ५ सम्झौता अनरूपको काम सम्पन्न पश्चात समूहले व्यहोर्ने २० प्रतिशत रकम र अनुदान

	बापतको ८०% रकम एकमुष्ट उक्त सामान उपलब्ध गराउने फर्म तथा एग्रोभेटहरुको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।
	घ) न्युनतम मापदण्डः- १. वडाका विपन्न कृषक तथा कृषक समूह तथा सहकारी लाई पहिलो प्राथामिकतामा राख्नु पर्नेछ। २. संरचना निर्माण तथा खरिद सामग्रीहरूमा कृषकको लागत साझेदारी २०% अनिवार्य हुनेछ। ३. सूचना प्रकाशन पछि कृषक समूह,सहकारी छनौटका लागि आर्थिक विकास समिति तथा निर्देशक समितिको निर्णय सगै वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ। ४. तरकारीका स्थानीय तथा रैथाने जात प्रवर्द्धनलाई प्राथामिकतामा राख्नु पर्नेछ।
४	**कार्यक्रमको नामः-** कृषि मेला प्रर्दशनी कार्यक्रम
	क) कार्यक्रम संचालन हुने स्थानः- कृषि विकास शाखाले तोकेको सम्भाव्य स्थान
	ख) उद्देश्यः- १ आधुनिक कृषि प्रविधि नयाँ जात बीउ बिजन मल औजार र प्रविधिको बारेमा प्रचार गर्ने। २ कृषकलाइ प्राविधिक ज्ञानको जानकारी दिने। ३ नव प्रवर्द्धन र उद्यमशिलताको प्रोत्साहन गर्ने।
	(ग) प्रमुख क्रियाकलाप १. उत्पादित कृषि उपज र कृषि सामग्रीहरुको प्रर्दशनी। २. उत्कृष्ट किसान सम्मान कार्यक्रम। ३. कृषि मेला प्रर्दशनी कार्यक्रम सहभागी सर्वोउत्कष्ट,उत्कृष्ट र प्रशसनिय कृषकलाई सम्मान स्वरुप क्रमश रु.३०००/-, २००० /-र १०००/-र कर्मचारी / स्वयसेवक खर्च रु ५००/- को मूल्यांकनहरु लाइ १५००/- को दरले करकट्टी सहित उपलब्ध गराउन सकिनेछ। अन्य खर्च विवरण कृषि मेला प्रर्दशनीको आवश्यक्ता बमोजिम गर्न सकिनेछ।
	घ) सञ्चालन प्रक्रिया :- कृषि मेला प्रर्दशनी कार्यक्रम हुन सक्ने स्थान टोल तथा अन्य सम्भावित वडाका अगुवा कृषकलाई सूचना दिई कृषि मेला प्रर्दशनी कार्यक्रम लागि कृषकलाई उत्पादित कृषि उपज र कृषि सामग्रीहरुको र नयाँ प्रविधिको प्रर्दशन गराइनेछ। कार्यक्रम संचालनका लागि कृषि विकास शाखाको प्राविधिकले पेश्की रकम माग गरी कार्यक्रम सचालन गर्न वा प्रर्दशन संचालन पछि सामग्री खरिद गरिएको आपूर्तिकर्ता वा पेश्की लिने प्राविधिकलाई भुक्तानी गर्न सकिने छ।
५.	**कार्यक्रमको नाम :- कृषि विविधिकरणका लागि कृषि औजार तथा उपकरण वितरण कार्यक्रम**

	क) कार्यक्रम सञ्चालन हुने वडाहरू:- १ देखी ९ सबै
	(ख) उद्देश्य:- १) किसानलाई आधुनिक औजार तथा उपकरण वितरण प्रयोगमा ल्याउने।
	(ग) प्रमुख क्रियाकलाप:- १. आवश्यक कृषि आधुनिक औजार तथा उपकरण मागका लागि वडा नं १ देखी ९ सम्मका कृषकलाई निवेदन मागका लागि कम्तिमा ५ देखि १५ दिने आवश्यक्ता अनुसार सूचना प्रकाशन। २. कृषि विकास शाखा र आर्थिक विकास समितिले मापदण्ड भित्र रहि कृषक छनौट। ३. कृषि औजार तथा उपकरण खरिद गरि ८०% अनुदानमा कृषि विकास वितरण। ४. प्रयोग सम्बन्धी तालिम तथा प्राविधिक सहयोग।
	घ) सञ्चालन प्रक्रिया :- सम्बन्धित तोकिएका वडाका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको छनौट वडाको समिति संगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनौट मापदण्डका आधारमा लाभग्राही (निजि कृषक कृषि फर्म कृषि उद्यमी ,कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गका समूहहरू) छनौट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेश गरिनेछ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात आवश्यक मागको आधारमा कार्यालयले सामग्रीहरु खरिद गरि कृषकको २०% लागत सहभागीता हुने गरी कृषकलाई वितरण गरी सामाग्री आपूर्तिकर्तालाई ८०% रकम बैक खाता मार्फत कार्यालयले भुक्तानी दिनेछ भने २०% रकम आपुर्तिकर्तालाई कृषक स्वयम तथा कृषि विकास शाखा कर्मचारी मार्फत उक्त सामान उपलब्ध गराउने फर्म तथा एग्रोभेटहरुको बैक खाता मार्फत भुक्तानी गरिनेछ।
	ङ) अनुदान रकम र अधिकतम सीमा:- १. प्रति कृषक कम्तिमा रु ५,००० सम्मको सामग्री वितरण गरिनेछ। २. सामग्रीहरुको मुल्यमा ८०% अनुदान उपलब्ध गराईनेछ।
	च) न्यूनतम मापदण्ड:- १. महिला तथा विपन्न कृषक समूह वा कृषि सहकारी सहकारीलाई प्राथामिकतामा राखिनेछ २. व्यक्तिगत फर्म,को हकमा व्यवसाय वडामा दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने, ३. समूह तथा सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपी तथा सदस्यलाई गरेको सिफारिस पत्र । ४. आर्थिक विकास समिति तथा स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णय बमोजिम छनौट भएका कृषक, कृषक समूह तथा कृषि सहकारी संग कार्यालयले तोकिएको स्विकृति प्राविधिक स्टमेटमा रहेर सम्झौता गर्नेछ। वा खरिद गरि वितरण गर्न सक्नेछ। ५. सोहि प्रकृतिको अनुदान रकम वा कार्यक्रम चालु आ व मा अन्य कुनै पनि सरकारी वा गैर

	सरकारी निकाय बाट नलिएको कृषक हुनु पर्नेछ।
६.	**बाली संरक्षण कार्यक्रम**
	कार्यक्रमको नामः- बाली संरक्षण कार्यक्रम
	क) कार्यक्षेत्र :- गाउँपालिका भित्र
	(ख) उद्देश्यः- १. विभिन्न वालीमा आकस्मिक रुपमा लाग्ने रोग तथा किराहरुको व्यवस्थापन गरी विभिन्न बालीहरुको उत्पादन बढाउन।
	(ग) प्रमुख क्रियाकलापः- १. विभिन्न बालीहरुमा लाग्ने रोग तथा किराहरु नियन्त्रणका लागि रासायनिक तथा जैविक विषादि,हर्मोन, भिटामिन तथा फेरोमेन ट्रयाप र ल्यूरहरु वितरण। २. विषादिको छर्कन प्रयोगका लागी स्प्रे टयाङ्की तथा एप्रोन वितरण।
	घ) संचालन प्रक्रिया:- विभिन्न मौसममा बाली संरक्षणका लागि कृषकको मागको आधारमा क्रियाकलापमा उल्लेखित आवश्यक सामग्रीहरु खरिद गरि वितरण गरिनेछ।
	ङ) अनुदान रकम र अधिकतम सीमाः- अधिकतमः मुल्यमा १००% अनुदानमा विषादि र स्प्रेय ट्याङ्कीहरु ८०% अनुदानमा वितरण गरिनेछ।
	च) न्यूनतम मापदण्डः- १. बालीमा रोग किरा लागेको आवश्यक जुनसुकै कृषकले विषादी पाउने। २. कृषक समूह, सहकारीको हकमा दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने, ३. समूह तथा सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपी तथा सदस्यलाई गरेको सिफारिस पत्र ।
७	**कालो धान खेती प्रवर्द्धन कार्यक्रम**
	कार्यक्रमको नामः- कालो धान खेती प्रवर्द्धन कार्यक्रम
	क) कार्यक्रम संचालन हुने क्षेत्र :-सान्नीत्रिवेणी गाउँपालिका सबै
	(ख) उद्देश्यः- १. कालो धान खेती विस्तार गर्नु।
	(ग) प्रमुख क्रियाकलाप १. ८०% (प्रतिशत) अनुदान र २०%(प्रतिशत) लागत साझेदारीमा कालो धान बीउ वितरण।
	घ) संचालन प्रक्रियाः- गाउँपालिका भित्रका स्थानीय उत्पादक वा आपूर्तीकर्ता सग बीउ खरिद गरि कृषकलाई ८०% अनुदानमा वितरण गरि आपूर्तिकर्ता लाई ८०% रकम बैक खाता मार्फत भुक्तानी गरिनेछ भने २०% रकम आपूर्तिकर्तालाई कृषक स्वयम तथा कृषि विकास शाखा कर्मचारी मार्फत उक्त सामान उपलब्ध गराउने फर्म , एग्रोभेटहरु वा आपुर्तिकर्ताको बैक खाता मार्फत भुक्तानी गरिनेछ।
	ङ) अनुदान रकम र अधिकतम सीमाः-

	१. **अधिकतमः-** कार्यक्रम सञ्चालनका लागि कृषकको माग र कृषि शाखाको बजेटको आधारमा उपलब्ध गराइनेछ। २. कालो धान कृषकहरुको २० प्रतिशत लागत साझेदारीमा वितरण गरिनेछ।
	च) न्यूनतम मापदण्डः- १. प्राङ्गारिक खेती गरिरहेका र गर्न ईच्छुक कृषक समूह तथा कृषि सहकारीहरुलाई कार्यक्रममा प्राथामिकतामा राखिने छ। २. रैथाने बाली खेती गरिरहेका कृषकलाइ प्राथमिकतामा राखिने छ। ३. कृषक समूह, सहकारीको हकमा दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने। ४. फर्मको हकमा वडामा व्यवसाय दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने। ५. समूह तथा सहकारीको हकमा कार्य समितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र । ६. आर्थिक विकास समिति तथा निर्देशन समितिको निर्णय बमोजिम छनौट भएका निजी फर्म, कृषक समूह तथा कृषि सहकारी संग कार्यालयले वितरण गरिनेछ। ७. सोहि प्रकृतिको अनुदान रकम वा कार्यक्रम चालु आ.व मा अन्य कुनै पनि सरकारी वा गैर सरकारी निकाय बाट नलिएको तथा नलिने स्व-घोषणा पत्र।
८	**कार्यक्रमको नामः- फलफूलका कागती सुन्तला ओखर स्याउ आदि विरुवा वितरण कार्यक्रम**
	क) कार्यक्रम संचालन हुने :- गाउँपालिका भित्र
	(ख) उद्देश्यः- १. किसानलाइ व्यवसायीक फलफूल खेती तर्फ प्रोत्साहित गर्नु। २. बाँझो जमिन उपयोगमा ल्याइ उत्पादनशिलता बढाउने।
	ग) प्रमुख क्रियाकलाप :- १. फलफूलका कागती सुन्तला ओखर स्याउ आदि विरुवा खरिद तथा वितरण। २. गुणस्तरिय बगैचा व्यबस्थापन सम्बन्धी तालिम
	घ) संचालन प्रक्रिया :- कार्यक्रमका लागी सूचना प्रकाशन गरिनेछ र फलफुल उत्पादन गर्ने समूह सहकारी वा फर्महरु किसान मध्य छनौटका लागी सम्बन्धित वडा समिती संगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनौट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी वा फर्म र व्यवसायीक किसान)छनौट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेश गरिनेछ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात लाभग्राहिले कम्तिमा १०% (दश प्रतिशत) लागत सहभागिता हुने गरी खरिद गर्ने र कृषकलाई ९०% अनुदानमा वितरण गरेको अनुदान आपूर्तिकर्ता लाई ९०% रकम बैक खाता मार्फत भुक्तानी गरिनेछ भने १०% रकम कृषक स्वयम वा कृषक बाट संकलन गरि कृषि विकास शाखाका कर्मचारी मार्फत भुक्तानी गरिनेछ।

	(घ) अनुदान रकम र अधिकतम सीमाः- १. कृषक समूह /कृषि सहकारी/निजि कृषि उद्यमीहरुलाई ९० प्रतिशत अनुदानमा र अनुदानग्राहिले कम्तिमा १०% लागत साझेदारी गर्नु पर्नेछ।
	ङ) न्यूनतम मापदण्डः- १. व्यवसायीक फलफूल उत्पादन गरिरहेका कृषक समूह तथा कृषि सहकारीहरुलाई कार्यक्रममा प्राथामिकतामा राखिनेछ। २. कृषक समूह, सहकारीको हकमा दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने, ३. फर्मको हकमा वडामा व्यवसाय दर्ता/ नविकरण/ कर चुक्ता भएको हुनुपर्ने, ४. समूह तथा सहकारीको हकमा कार्य समितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र । ५. आर्थिक विकास समिति तथा निर्देशन समितिको निर्णय बमोजिम छनौट भएका निजी फर्म, कृषक समूह तथा कृषि सहकारी संग कार्यालयले सम्झौता गर्नेछ। ६. सोहि प्रकृतिको अनुदान रकम वा कार्यक्रम चालु आ.व मा अन्य कुनै पनि सरकारी वा गैर सरकारी निकाय बाट नलिएको तथा नलिने स्व-घोषणा पत्र।
९	**कार्यक्रमको नामः- राष्ट्रिय धान दिवस कार्यक्रम**
	क) कार्यक्षेत्र :- कृषि शाखाले तोकेको क्षेत्र
	ख) प्रस्तावना :- नेपालमा कृषि पेशा, विशेषगरी धान खेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले हरेक वर्ष असार १५ गते राष्ट्रिय" मनाइने प्रचलन छ। "धान दिवस यस दिवसको अवरुपमा धान खेती सम्बन्धी जनचेतना, प्रविधि प्रसार तथा किसान सहभागिता अभिवृद्धि गर्ने।
	ग) उदेश्य :- १. धान खेतीलाई प्रोत्साहन गर्ने। २. किसानलाई नविन प्रविधि र ज्ञान उपलब्ध गराउने। ३. कृषि पेशालाई व्यवसायीकरण तर्फ प्रेरित गर्ने। ४. सामुदायीक एकता र सांस्कृतिक संरक्षण गर्ने।
	घ) संचालन प्रक्रिया :- १. सामूहिक धान रोपाई प्रदर्शन कार्यक्रम २. धान सम्बन्धी प्रविधि प्रदर्शनी बीउ, मल, औजार ३. कृषिविज्ञ तथा प्राविधिक द्वारा प्रर्शिक्षण परामर्श ४. उत्कृष्ट किसान सम्मान तथा पुरस्कार वितरण ५. स्थानीय सांस्कृतिक कार्यक्रम(धान गीत), झाँकी
	घ) अनुदान रकम र अधिकतम सीमाः-

	अधिकतमः- विनियोजित बजेट भित्र रहि धान दिवशको लागि आवश्यक सामग्रीहरू खरिद सम्बन्धित निकायलाई भुक्तानी गरिनेछ भने कार्यक्रम सन्चालनको लागि शाखाका कर्मचारीले पेश्की रकम लिइ कार्यक्रम सन्चालन गर्न सक्ने छन।
१०.	**क) कार्यक्रमको नामः अनुगमन तथा मुल्याङ्कन**
	क) कार्यक्षेत्र :- सान्नीत्रिवेणी गाउँपालिका र अन्तर पालिका तथा जिल्ला
	ख) उद्देश्यः- १. कृषि विकास शाखा बाट सञ्चालन हुने कार्यक्रमहरुको सामग्री खरिद गर्न र कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न तथा कार्यक्रमलाई पारदर्शि रुपमा सञ्चालन गर्न।
	(ग) प्रमुख क्रियाकलापः- १. कृषि विकास शाखाबाट सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन लागि दैनिक भ्रमण खर्च गाडि भाडा। २. सूचना प्रकाशन पछि मूल्याङ्कनका लागि फिल्ड अनुगमन गर्नुपर्ने कार्यक्रमहरु अनुगमनका लागि दैनिक भ्रमण खर्च गाडि भाडा। ३. विभिन्न कार्यक्रम सञ्चालनका क्रममा जिल्ला भित्र वा जिल्ला वाहिर सामग्री लिनका लागि दैनिक भ्रमण खर्च। ४. तालिममा सहभागी तथा कार्यालयको कामकाजमा
	ङ) भ्रमण सीमाः- कर्मचारीले विभिन्न कार्यक्रम सञ्चालनका क्रममा जिल्ला भित्र वा जिल्ला वाहिर सामग्री लिन जाँदा फिल्ड अनुगमन गर्न जाँदा फिल्ड प्रतिवेदन तथा फोटोको आधारमा उक्त समयावधिको दैनिक भ्रमण भत्ता नियमानुसार
	च) न्यूनतम मापदण्डः- १. अनुगमन मूल्याङ्कनका लागि कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम हुनुपर्ने छ। २. विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय बाट सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन गर्न सकिने छ। ३. कुनै कार्यक्रम सञ्चालनका क्रममा तथा अनुगमनमा जाँदा प्रमुख प्रशासकिय अधिकृत संग दैनिक भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।
११.	**कृषि फर्म तथा समूहका सदस्यहरुको क्षमता विकास कार्यक्रम**
	११.१ स्थलगत घुम्ती तालिम संचालनः
	परिचयः- सान्नीत्रिवेणी गाउँपालिकाका कृषक तथा कृषक समूहहरू लाई छोटो समय अवधिको कृषक स्तरिय तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र पकेट क्षेत्रका कृषक हरुको समस्या थलोमा समाधान गर्ने र समय सापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्याउन यस तालिमको अहम भुमिका रहेकोले यस किसिमको तालिम पकेट क्षेत्र, कृषक, कृषक समूह तथा साना साना सहकारीका कृषकहरु माझ सञ्चालन गर्न आवश्यक महसुस भएको छ। **उद्देश्य :-**

१. बालि, बागवानी, मौरि, च्याउ लगायत अन्य महत्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवम् हस्तान्त्रण गर्ने।

२.सम्वन्धित बालीको पकेट क्षेत्र एवम् कृषक समूहहरूलाई आईपरेका समस्या हरुको स्थलगत रुपमै समाधान गर्ने।

३.कृषकहरूलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुप कृषक लाई प्राविधिक ज्ञान दिलाउने।

कार्यविधि :-

१. घुम्ति स्थलगत तालिम १ देखि २ दिन सम्म हुन सक्नेछ।
२. घुम्ति स्थलगत तालिममा न्युनतम १५ र बढिमा ३५ जना सहभागी मध्ये ३२ प्रतिशत महिला हुनुपर्ने छ।
३. घुम्ति स्थलगत तालिममा सहभागी हुने कृषक हरुले दैनीक भ्रमण भत्ता र होटल बास खर्च पाउने छैनन्।
४. घुम्ति स्थलगत तालिमा १ दिनमा ४ वटा भन्दा बढि कक्षा राखिने छैन।
५. तालिम सञ्चालन गर्दा सकेसम्म कृषि शाखा र गाउँ पालिका अन्तरगत सम्बन्धीत बालीको पकेट र कृषक समूहमा नै सञ्चालन गरी कृषि सेवा क्षेत्रका प्रा.स. वा ना.प्रा.स. ले संचालन गर्नेछन।

आर्थिक पक्ष

१. अवधि १ देखि २ दिन
२. प्रशिक्षक पारिश्रमिक प्रति कक्षा/कार्यपत्र बापत रु १२००।
३. तालिम सामग्री (मसलन्द) रु. प्रति व्यक्ती २५०।
४. खाजाखर्च (सहभागी,संयोजक,श्रोत व्यक्ती,सहयोगी कर्मचारी एवम् प्रशिक्षक समेत) प्रति व्यक्ती रू २००।
५. प्रतिवेदन तयार गर्न रु. १०००।
६. तालिम व्यवस्थापन खर्च/व्यानर एकमुष्ट रु. ३००० सम्म खर्च गर्न सकिनेछ।
७. तालिम स्थल भन्दा टाढाको दुरीका सहभागीलाई जिल्ला दर रेड अनुसार यातायात खर्च दिन सकिनेछ

११.२ गाउँपालिका स्तरीय तालिम संचालन

परिचयः- कृषिका बिभिन्न बिषय विशेष तालिमहरू गाउँ स्तरमा १ देखि ५ दिन सम्म सञ्चालन गर्न सकिनेछ। यस तालिममा १५ देखि ३५ जना सम्म कृषक सहभागी हुनेछन्।

उद्देश्यः-

कृषकहरूको विषय विशेष ज्ञान सीप अभिवृद्धि गर्नु।

कार्यविधिः-

तालिममा सहभागी छनोट गर्दा समूहमा योगदान पुर्याएको, आफुले सिकेका कुरा व्यवहारमा लागु गरी अरुलाई सिकाउन अग्रसर रहने कृषक हुनु पर्दछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिनु पर्नेछ । सहभागी छनौट गर्दा सेवा क्षेत्रका प्राविधिकको सिफारीसमा छनौट गर्नु पर्नेछ ।

तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरु संग मिलि तालिम कार्यक्रम तयार गरी तालिम संयोजक ले निम्न अनुसारको कार्य गर्नु पर्नेछ ।

१. सहभागी हुने कृषकलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
२. शैक्षिक सामाग्रीहरु(श्रव्यदृश्य)को व्यवस्था मिलाउने ।
३. तालिम कार्यक्रमहरुमा फिल्ड भ्रमण ,फिल्ड तालिम ,फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरु संग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

आर्थिक पक्षः-

१. समय अवधिदिन १ देखि ५
२. प्रशिक्षक पारिश्रमिक (कार्यपत्र /प्रर्वचन)रु. अधिकृत स्तर प्रति कक्षा रु १५०० र सहायक स्तर प्रति कक्षा रु १२०० ।
३. चियापान तथा खाजा रु.प्रति व्याक्ति २५० ।
४. शैक्षिक सामाग्री रु.प्रति व्यक्ति २५० ।
५. सहभागी भत्ता प्रति व्यक्ति प्रति दिन ५०० देखि ७०० सम्म ।
६. सहभागी यातायात खर्च रु. प्रति व्यक्ति दुरी अनुसार
७. तालिम सुविधा (हलभाडा तिर्नु पर्ने भएमा) प्रचलित बजार दर रेट अनुसार
८. मसलन्द व्यवस्थापन तथा विविध (प्रमाण पत्र, पानी,सरसफाई, ईत्याधि को लागी) रु १०००० ।
९. प्रतिवेदन तयार तथा प्रस्तुत खर्च रु १५०० ।
१०. व्यानर छपाई रु १०००।
११. खाना खर्च रु ३५० प्रति व्यक्ति प्रति दिन

११.३ गाउँपालिका स्तरीय गोष्ठी

परिचयः-आवश्यक्ता अनुसार सरोकारवालाहरूलाई गाउँपालिकामा भेला गराई कुनै खास बाली विशेष अथवा समस्या विशेष विषयलाई लियर छलफल गरि समाधान खोज्न गरिने अन्तरकृया नै गाउँपालिका स्तरीय गोष्ठी हो । औपचारीक एवम् अनौपचारीक दुबै किसिमको छलफलको लागि यस्ता गोष्ठीहरु सञ्चालन गरिन्छ ।

उद्देश्य :-

फिल्ड स्तरमा कृषि प्रसार कार्यकर्ता हरुले आफ्नो फिल्डको कार्यक्रम लाई कृषक समक्ष लैजानको लागि योजना तर्जुमा गर्न तथा समस्या समाधान गर्न सघाउ पुरयाउने ।

कार्यविधि :-

१. सर्वप्रथम के विषयमा कस्ता सहभागिहरू समावेस गरी छलफल गर्ने हो अग्रिम रूपमा निर्धारण गरिनुपर्छ सबैलाई अग्रिम सूचना दिनुपर्छ । गाउँपालिका वाट सरोकारवाला र आवश्यक व्यक्तीहरूलाई आमन्त्रण गर्नुपर्दछ।

२. २० देखि ४० जना सहभागी गराई छलफलमा अभिप्रेरीत गर्दै सबैको सहभागीता जुटाउनु पर्छ।

३. अन्तिममा केही निष्कर्ष निकाली सोही अनुसार अगामी कार्यक्रम तय गर्नुपर्छ।

आर्थिक पक्ष :-

१.	अबधि	१ दिन
२.	सहभागी	२० देखि ४० जना
३.	चियापान	रु.२५० प्रति व्यक्ति
४.	खाना खर्च	रु ३५० सम्म प्रति व्यक्ति
५.	शैक्षिक सामग्री	रु.१५० प्रति व्यक्ति
६.	प्रशिक्षक पारिश्रमिक	रु.१४०० प्रति कक्षा
७.	सहभागीलाई भत्ता	रु. १००० प्रति व्यक्ति प्रति दिन
८.	व्यवस्थापन बिविध	रु. अधिकतम ५०००।

१२. **समूह दर्ता र नविकरण सम्बन्धी:-**

१२.१ कृषक समूह

मिल्दा जुल्दा समस्या, आवश्यक्ता र चाहाना भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरू मिलि आफ्ना निश्चित साझा उद्देश्यहरू सामुहिक प्रयत्न द्धारा प्राप्त गर्न बनाईएको संगठनलाई समूह भनिन्छ।

कृषक समूह गठन/पुनर्गठन

समुदायका कृषकहरुलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताले लक्षित गाउँको विभिन्न ठाउँमा कृषक भेला गरी समूहको उपयोगिता बारे जानकारी गराउनु पर्छ।

नयाँ समूह गठन गर्नु पर्दा स्थानीय जनसमुदायहरूको भेला गरी समूहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फूर्त रूपमा गठन भई गाउँपालिकामा सम्पर्क राख्न आउने समूह हरुलाई समेत समेटि प्राविधिक सहयोग पुर्याउनु पर्दछ।

कुनै स्थान विशेषमा पहिले देखी रहिरहेका कृषक समूहहरू छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्नु पर्दछ।

सुरुमा प्राविधिकहरुबाट सहयोग र राय सल्लाहका साथ कृषक समूह गठन गर्दा अति आवश्यक रजिस्टर कपि कलम फाईल,कागज जस्ता सामग्री हरु उपलब्ध गराउनु प्रभावकारी हुन्छ।

प्रत्येक आ.व.मा नयाँ समूह भए गठन र पुराना भए पुनर्गठन गरेर कृषि शाखाले समूह विवरण संकलन गर्नु

पर्छ।

गाउँपालिका, कृषि शाखामा कृषक समूह दर्ता गरी तिनिहरूको अभिलेख राख्ने कार्यलाई नियमित रुप दिनु पर्दछ। यसको लागी कृषक समूहहरूलाई आ-आफ्नो समूह विवरण फारम सहित दर्ताको लागी आवेद गर्न उत्प्रेरित गर्नु पर्दछ।

स्थानीय तहको कृषि शाखामा कृषक समूह दर्ता गरिने छ। यसका लागि कृषक समूहले समूह विवरण फाराम सहितको निवेदन फाराम (समूह विधान) सहित निवेदन सो सम्बन्धित सेवा क्षेत्रको कृषि प्राविधिकको को सिफारिसमा गाउँपालिकाको कृषि शाखामा पेश गर्नुपर्नेछ। यसका लागि सम्बन्धित कार्यालयले समूह दर्ताका लागी रु. ५००। राजश्व शुल्क लिई दर्ता गर्नुपर्ने छ। यसरी दर्ता गरिएको समूहको अवधि ३ बर्षको हुने छ र प्रत्येक तिन बर्षमा समूह नविकरण गर्नुपर्ने छ।

१२.२ कृषक समूह नविकरण

कृषक समूहले आफ्नो समूह दर्ता प्रमाण पत्रको नविकरण गर्नु पर्नेछ। यसका लागि कृषक समूहले प्राप्त गरेको प्रमाण पत्र सहितको निवेदन सम्बन्धित शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्ने छ र सोको लागी रु ५०० राजस्व शुल्क लिई कृषि शाखाले समूह नवीकरण गर्नु पर्नेछ। म्याद सकियको ३६ औ दिन देखी १ बर्ष सम्म रु ५००। राजस्व शुल्क लिई नविकरण गर्न सकिने छ। तिन बर्ष सम्म पनी नविकरण नगरेको खण्डमा प्रति वर्ष रु ५०। को दरले नविकरण शुल्क थप हुदै जाने छ।

१२.३ कृषक समूह विधान

कृषक समूह दर्ता गर्नु भन्दा पहिला समूहको विधान अनिवार्य बनाउनु पर्ने छ। कृषक समूहले विधान तयार गर्दा सम्बन्धित सेवा क्षेत्रका कृषि प्राविधिक संग सहयोग लिन सक्नेछ।

कृषि शाखाले विधानको नमुना कृषक लाई उपलब्ध गर्न सक्नेछ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

अनुसूची–३

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सान्नीत्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा मेहलमुडी, कालीकोट।

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः- .....

यस सान्नीत्रिवेणी गाउँपालिकाको आ.व..... को बार्षिक स्वीकृत कार्यक्रम ..... अनुसार निम्न लिखित कार्यक्रमहरु सान्नित्रिवेणी गाउँपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम लागत सहभागितामा कार्यगर्न ईच्छुक व्यवसायीक फार्म, कृषक, कृषक समूह, कम्पनी, निजी उद्यमी, सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

क्र. स.	कार्यक्रम	संख्या	बजेट रु.

आवश्यक कागजातहरुः-

- नेपाली नागरिकताको प्रतिलिपि
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- कार्य समितिको निर्णय
- अनुसूची ४ अनुसारको ढाँचामा निवेदन
- अनुसूची ६ अनुसारको बिस्तृत व्यवसायीक कार्य योजना
- जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि)
- प्रचलित कानून अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

- वडा कार्यालयमा व्यवसाय दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
- शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
- औजार उपकरण खरिदको हकमा कोटेशन।
- व्यवसायीक योजना/ समान प्रकृतिको अनुदान नलिएको घोषणा र लागत साझेदारी प्रतिवद्धता

अनुसूची - ४

निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
सान्नीत्रिवेणी गाउँपालिका, कालीकोट।

बिषयः- कार्ययोजना पेश सम्बन्धमा।

महोदय,

सेवामा निवेदन गर्नाको कारण यो छकि तहाँ गाउँपालिकाको मिति ..... गते प्रकाशित सूचना अनुसार मैले/हामी निवेदकले ..... कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौ।

निवेदकः

नामः- .....
ठेगानाः .....
फर्मको नामः .....
दस्तखतः .....
मितिः .....
सम्पर्क नं. : .....

अनुसूची - ५

व्यवसायीक कार्ययोजना पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु

- नेपाली नागरिकताको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- अनुसूची ४ अनुसारको ढाँचामा निवेदन
- अनुसूची ६ अनुसारको विस्तृत व्यवसायीक कार्ययोजना
- जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि)
- प्रचलित कानून अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयमा व्यवसाय दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान
- शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि
- औजार उपकरण खरिदको हकमा कोटेशन

अनुसूची – ६
कार्यक्रमको संक्षिप्त व्यवसायीक कार्ययोजना

कार्यक्रमको नामः- .....

उद्यमी/ समूह / सहकारीको नामः- ..... सम्पर्क नम्बर .....

ठेगानाः ..... गाँउ/टोल ..... वडा नं. .....

व्यवसायको परिचयः-

- उद्देश्यहरुः
- व्यवसायको अवस्थाः
- व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः
- तालिम सम्बन्धी विवरणः
- सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्यविवरणः

क्र. स.	सञ्चालन गरिने क्रियाकलाप	माग गरिएको वस्तु तथा सामग्रीहरूको विवरण.	लागत साझेदारी.	जम्मा लागत	कै.

- व्यवसाय बाट उत्पादन हुने बस्तुः-
- उत्पादित वस्तुको अनुमानित परिमाणः-
- बजार योग्य परिमाणः-
- व्यवसायको वातावरणीय उपयुक्तताः-
- उत्पादित बस्तुको बजार योजनाः-
- थप आधारहरु
    - उपलब्ध जग्गाको क्षेत्रफल
    - अपेक्षित प्रतिफल
    - व्यवसायको लागि श्रमको व्यवस्थापन

    (क) पारिवारिकः

    (ख) बाहिर बाटः

(ग) दुवैतर्फबाटः

दस्तखत गर्नेको .....

नामः- .....

संस्थाको छापः- .....

पदः- .....

दस्तखतः- .....

मितिः- .....

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

अनुसूची - ७
प्रस्ताव मूल्याङ्कनका आधारहरु

- गाउँपालिकाको नाम :-
- आवेदक महिला कृषि समूह, सहकारी तथा निजि उद्यमीको नामः-
- कार्यक्रम सञ्चालन स्थलको ठेगानाः-
- प्रस्तावित कार्यक्रमको नामः-
- मूल्याङ्कनका आधारहरु

क्रस	विवरण	भार	प्राप्ताङ्क	कै.
१	विपन्न अपाङ्ग दलित तथा जनजाती महिला कृषक समूह	१०		
२	महिला कृषक समूह /सहकारी	१०		
३	कृषि सहकारीबाट सिफारिस लाभाम्वित महिला समूह	७		
४	निजी फर्म	३		
५	हाल सम्म कुनै पनि सरकारी निकायबाट सम्बन्धित अनुदान नलिएका समूह सहकारी वा फर्म	१०		
६	कम्तिमा ६ महिना अघि दर्ता गरी सक्रिय रुपमा काम गरिरहेका	५		
७	कार्यक्रमको कमाण्ड क्षेत्रमा लाभान्वित (समूह /सहकारी /फर्म) संख्या	५		
८	कृषक समूहले एउटै कलस्टरमा काम गरेका	५		
९	प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल	१०		
१०	प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर	५		
११	प्रस्तावित वाली/वस्तुको भौगलिक एवं प्राविधिक उपयुक्तता	५		
१२	प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पुरा भएको	५		
१३	सहभागिता लक्षित वर्गको नगद वा वस्तुगत योगदान गर्न सक्ने परिमाण र	५		

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष

	प्रतिवद्धता			
	प्रस्तावित कार्य कृषकहरूको माग एव आवश्यक्ता अनुरुप रहे/नरहेको	५		
	कृषक समूह तथा सहकारीको हकमा पाना न लिएको र निजि फर्मको हकमा गाउँपालिका वा वडामा व्यवसाय दर्ता गरेको	५		
	सान्नीत्रिवेणी गाउँपालीकाले छुट्टाएको बाली / वस्तु पकेट क्षेत्र अनुसार बाली वस्तु समावेश भएको	५		
	जम्मा	१००		

- स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरू:-
- स्थलगत अनुगमन टोलीको रायः-

क्र स	नामथर	पद	राय	दस्तखत

अनुसूची – ८

बालीहरुको वर्गीकरण

त्रिवेणी गाउँपालिकामा खेती गरिने विभिन्न बालीहरु

क्र.स	बालीको वर्गीकरण	बालीका नाम
१	खाद्यान्न बाली	धान, गँहु, मकै, कोदो, जौ, फापर
२	कोशेबाली	बोडी, सिमि, राज्मा, भट्टमास, चना, केराउ, मसुरो, मास, गहत, अडर, मुङ्ग
३	तेलबाली	तोरी, रायो, सर्स्यू,सुर्यमुखी ,भट्टमास, फिलङ्गे, तिल, अल्छी
४	तरकारी बाली	लहरे तरकारी(काक्रा फर्सि घिरौला करेला चिचिन्डा), मसला बाली(प्याज लसुन धनिया बेसार अदुवा ददु), जरेबाली(मुला गाँजर सलगम) ,आलु, पिँडालु, तरुल, साग, सब्जि, काउली समुहका बाली, तथा अन्य तरकारी
५	फलफुल बाली	सुन्तलाजात फलफुल(कागती सुन्तला मुन्तला निबुवा जुनार माल्टा भोगटे), आँप, लिची, अम्बा, अनार, किवि, अङ्गुर, नास्पती, हलुवावेद, आरु, आरुवखडा, ड्रागनफ्रुट, मेकाडिमियानट, घ्यूफल
६	पुष्प खेती	सयपत्रि, जवेरा, कानेशन, गुलाब
७	च्याउ खेती	कन्य, पराले, गोब्रे, शिताकेच्याउ
८	मौरीपालन	स्थानीय जात पुत्कामौरी, सेरेनामौरी, मेलिफेरामौरी
९	रेथाने बाली	स्थानीय स्तरमा उत्पादन हुने तर हाल लोप हुदै गएका बालीहरु

अनुसूची – ९

सान्नीत्रिवेणी गाउँपालिकाले सम्भाव्यताका आधारमा विभिन्न बालीका पकेट क्षेत्र छुट्टाईएका वडा तथा क्षेत्रहरु

बाली	सम्भावित पकेट क्षेत्रहरु	कैफियत
स्याउ	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,४ ,७, ८ र ९ को लेकाली क्षेत्र	
सुन्तला	सान्नीत्रिवेणी गा.पा. वडा नं. ४,५, ६ र ७ को वेशि क्षेत्र	
ओखर	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२,३, ४, ६,७,८र ९ को लेकाली क्षेत्र	
धान	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२,३, ४,५, ६,७,८र ९ को क्षेत्र	
गहुँ	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२,३, ४,५, ६,७,८र ९ को क्षेत्र	
मकै	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२,३, ४,५, ६,७,८र ९ को क्षेत्र	
सिमि तथा भटमास	सान्नी त्रिवेणी गा.पा. वडा नं. १,२,३, ४, ६,८र ९ को क्षेत्र	
ताजा तरकारी	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२, ४ र ६ को क्षेत्र	
बिउ आलु	सान्नीत्रिवेणी गा.पा. वडा नं. ४,८ र ९ को क्षेत्र	
तरकारी	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२, ४ र ६ को क्षेत्र	
भेडा	सान्नीत्रिवेणी गा.पा. वडा नं.१,२ ,६,७,८ र ९ को क्षेत्र	
बाख्रा	सान्नीत्रिवेणी गा.पा. वडा नं. १,२ ,३,४,६,७,८ र ९ को क्षेत्र	
भैसी	सान्नीत्रिवेणी गा.पा. वडा नं. ३,६,८ र ९ को क्षेत्र	

गा.पा. अध्यक्ष

अनुसूची–१०

सम्झौता पत्रको ढाँचा

सान्नीत्रिवेणी गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक, कृषक समूह वा सहकारी (यस पछि दोश्रो पक्ष) भनिने बिच तपसिलको शर्तहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ।

तपसिल

- यो सम्झौता सम्झौता भएको मिति बाट प्रारम्भ हुने छ।
- पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु. ..... (अक्षरेपी .....) मध्ये बढीमा.....प्रतिशत ले हुन आउने रु. ..... (अक्षरेपी .....) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी र कम दोश्रो पक्षले बेहोर्नु पर्ने छ।
- कार्यप्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईने छ।
- दोश्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामग्री खरिद गर्न पाउने छैन।
- दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ्ग बोर्ड राख्नु पर्ने छ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरी स्टिकर टाँस गर्नुपर्ने छ।
- पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्ने छ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुने छ।
- दोस्रो पक्षले अन्तिम रकम भुक्तानि लिदा क्रियाकलापहरु संचालन गर्नु भन्दा पहिला क्रियाकलाहरु संचालन गदै गरेको तथा क्रियाकलापहरु सम्पन्न गरेको फोटो विल भर्पाईमा संग्लन राखि पेश गर्नुपर्ने छ।
- पहिलो पक्षले सम्झौता बमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्ष बाट प्राप्त भए पश्चात रू /-(अक्षरेपी रु) मात्र नबढने गरी नियमानुसारको १.५ प्रतिशत अग्रिम आयकर कट्ट गरि दोस्रो पक्षलाई रकम भुक्तानी उपलब्ध गराउनेछ। वा सम्झौता बमोजिमको सामग्री आपूर्तीकर्ता/मेसिन उपकरण आपूर्ती कर्ता लाई सोझै भुक्तानी दिनेछ दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रूपमा विल विजक नम्वर पेश गर्नुपर्ने छ।
- सम्झौता भएको मितिले ७ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य सुरु गरी सक्नु पर्ने छ। यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ।
- दोश्रो पक्षले यहि मिति ..... भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु पर्ने छ।
- दोश्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिईसके पछि कम्तिमा पनि ३ बर्ष व्यवसाय गर्नुपर्ने छ यदि व्यवसाय सञ्चालन नगरेमा प्रचलित कानुन बमोजिम हुने छ।

गा.पा. अध्यक्ष

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

• यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुने छ ।

उल्लेखित शर्तहरु पालना गर्न/गराउन मञ्जुर भईयो सम्झौतामा दस्तखत गरी लियौं/दियौं

दोश्रो पक्षको तर्फबाट
दस्तखतः
नाम,थरः
ठेगानाः

पदः
संस्थाको नाम र छापः

प्रथम पक्षको तर्फबाट
दस्तखतः
नाम,थरः
पदः

कार्यालयको छापः

ईति सम्बत् ..... साल ..... महिना .....गते रोज .....
शुभम् ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

अनुसूची – ११

सान्नीत्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

कालीकोट।

समूह दर्ताको लागी निवेदन तथा विवरण फाराम

कृषि विकास शाखाको सहयोगमा हामी आफै संगठित भई सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ..... मा गठन भएको हाम्रो .....समूह दर्ता गरी पाउन विधान सहित यो निवेदन गरेका छौ ।

.....

समूह अगुवाको/ अध्यक्षको दस्तखत

मिति :

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

मोहन बहादुर क.सं.
गा.पा.अध्यक्ष

अनुसूची – १२

सान्नीत्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट।
कर्णाली प्रदेश, नेपाल

कृषक समूह दर्ता प्रमाण – पत्र नमुना

दर्ता नं.

आ.व.

कृषक समूह दर्ता प्रमाण–पत्र

गाउँपालिकाको वडा नं. .....मा मिति ..... मा गठित समूह पद्धतिलाई सु–व्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस सान्नीत्रिवेणी श्री .....कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

मिति : .....

.....

कृषि विकास शाखा प्रमुख

.....

प्रमुख प्रशासकीय अधिकृत

मोहन बहादुर क.सं.
गा.पा.अध्यक्ष

अनुसूची – १३

लागत साझेदारी प्रतिवद्धता

यस सान्नी त्रिवेणी गाउँपालिका कृषि विकास शाखाको मिति ..... मा प्रकाशित सूचना अनुसार सान्नी त्रिवेणी गाउँपालिका वडा नं ..... टोल ..... स्थायी ठेगाना भएको श्री ..... ले लागत साझेदारीमा .....कार्यक्रम सञ्चालनको लागी पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु ..... को .....प्रतिशतले हुन आउने रु .....बराबरको लगानी आफ्नो आन्तरिक श्रोत बाट बेहोर्ने गरि कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गरेको छु।

निवेदक

बाँया दाँया

दस्तखतः

नामः

ठेगानाः

मितिः

छापः

मोहन बहादुर क.सी
गा.पा.अध्यक्ष

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष

अनुसूची – १४

समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र

यस सान्नी त्रिवेणी गाउँपालिका कृषि विकास शाखाको मिति ..... मा प्रकाशित सूचना अनुसार सान्नी त्रिवेणी गाउँपालिका वडा नं ..... टोल ..... स्थायी ठेगाना भएको श्री ..... ले लगत साझेदारीमा .....कार्यक्रम सञ्चालनको लागी पेश गरेको व्यवसाय योजना सँग मेल खाने कार्यक्रमका लागि विगत ३ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको मातहतमा मन्त्रालय/निर्देशनालय/कृषि विकास कार्यालयबाट अनुदान नलिएको स्वघोषणा गर्दछु। अन्यथा फेला परेर कसुरदार ठहरिएमा सम्झौता रद्द लगायत नियमानुसार अन्य सजाय भोक्न तयार छु।

निवेदक

दस्तखतः

नामः

ठेगानाः

मितिः

छापः

बाँया दाँया

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष